नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# भारतमा आयोजना हुने India Mobile Congress 2018 मा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको भ्रमण सम्बन्धी प्रेस विज्ञप्ती

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाज्यू भारतीय सञ्चार मन्त्रालयको निमन्त्रणमा पाँच सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै भारतको सञ्चार मन्त्रालय र Cellular Operators Association of India ( COIA) को संयुक्त आयोजनामा अक्टोबर २५ देखि २७ अक्टोबर २०१८ सम्म हुने भारतीय मोवाइल कङ्ग्रेस (India Mobile Congress), २०१८ मा सहभागी हुन भारतको नयाँ दिल्ली, तर्फ प्रस्थान गर्नुभयो। उक्त सम्मेलनमा BIMSTEC र ASEAN का मन्त्री तथा उच्चस्तरीय सरकारी पदाधिकारीहरुको प्रतिनिधित्व हुने कार्यक्रम रहेको छ । उक्त सम्मेलनमा सूचना तथा सञ्चार क्षेत्रमा विकसित हुँदै आएका नवीनतम प्रविधि तथा भूमण्डलीकरणका कारणवाट यस क्षेत्रमा परेको प्रभावहरुका वारेमा छलफल तथा विचारको आदान-प्रदान गर्न भारत सरकारका तर्फवाट आयोजना हुने भारत मोवाइल कंग्रेसको International Ministerial Conclave मा The Future of Connectivity and its role in regional development विषयमा माननीय मन्त्रीज्यूले विशेष वक्ताको रुपमा सम्वोधन गर्नु हुनेछ।सो अवसरमा माननीय मन्त्रीज्यूसँग अन्य विशिष्ट सहभागी तथा समकक्षीहरुसँग द्विपक्षीय हित र सहयोगका सम्वन्धमा छलफल हुने कार्यक्रम समेत रहेको छ।

(रामचन्द्र ढकाल)
सहसचिव एवं प्रवक्ता

२०७५ कात्तिक ७ गते, बुधबार